मकवानपुरगढी गाउँपालिका
Makawanpurgadhi Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Executive
मक्रान्चुली, मकवानपुर
Makranchuli, Makawanpur

Email:makawanpurgadhi_rmc@gmail.con
Website: makawanpurgadhimun.gov.np
Contact no. : 9855073810 (Chairman
Contact no.: 9855088966 (CAO)
बागमती प्रदेश, नेपाल
Bagmati Province , Nepal

प.सं. (Ref.) : २०७७/०७८
च.नं. (Dispatch no.) :

मिति : २०७७/१०/१५
Date :

## मतदाता नामवली अद्यावधिक (दावी विरोध समेत) कार्यक्रम सम्वन्धी सूचना

प्रस्तुत विषयमा जिल्ला निर्वाचन कार्यालय मकवानपुरले मिति २०७७/०९/०५ गते सम्म उक्त कार्यालयमा दर्ता भएका मतदाता नामवलीमा फोटो टाँस भैसकेका यस मकवानपुरगढी गाउँपालिकाका सम्पूर्ण वडाभित्रका मतदाताहरुले आफ्नो मतदाता परिचय पत्रमा कुनै विवरण त्रुटी भएमा संच्याउने,कसैले झुट्टा विवरण दिई नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा उजुरी दिने, दोहोरो नाम हटाउन, मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम मतदाता नामावलीवाट हटाउने लगायतका विषयमा यसै मिति २०७७ माघ १६ देखि १८ गते भित्रमा निवेदन दिन सकिने भएकाले सो अवधि भित्र देहायको विवरण सहित यस गाउँपालिकामा सम्पर्क राख्नु हुन यस गाउँपालिकाका सम्बन्धित सबै नागरिकहरुका लागि यो सूचना जारी गरिएको छ ।

देहायः

१) मतदाता परिचय पत्र प्रतिलिपि
२) नागरिकताको प्रतिलिपि
३) मृत्यु भएको भए मृत्यु दर्ता प्रमाण पत्र प्रतिलिपि
४) प्रमाण खुल्ने अन्य कागजको प्रतिलिपि

.............................
रामकुमार पुडासैनी
प्रमुख प्रशासकिय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

"मकवानपुरगढी गाउँपालिकाको सम्वृद्धिको आधार, शिक्षा, कृषि, पर्यटन र पुर्वाधार"

Scanned with CamScanner

अनुसूची ९

निर्वाचन आयोग, नेपाल

प्रमुख/सहायक नाम दर्ता अधिकारीको कार्यालय .......

मतदाता नामावली अद्यावधिक (दावी विरोध समेत) कार्यक्रम सम्बन्धी सूचना

मतदाता नामावली अद्यावधिक (दावी विरोध समेत) कार्यक्रम, २०७७ देहायका क्रियाकलापसहित सञ्चालन हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | क्रियाकलाप | देखि | सम्म | समय | दफा | सम्पर्क गर्ने स्थान | जिम्मेवार व्यक्ति/निकाय |
|---|---|---|---|---|---|---|---|
| १ | कार्यक्रमको सूचना तथा मतदाता नामावली प्रकाशन | २०७७/१०/१५ | | बिहान १०.०० बजे | मतदाता नामावली ऐन, २०७३ को दफा-१३ | प्रमुख नाम दर्ता अधिकारी/सहायक नाम दर्ता अधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारी/सहायक नाम दर्ता अधिकारी |
| २ | क्र.सं. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा रहेको त्रुटि सच्याउन सम्बन्धित सहायक नाम दर्ता अधिकारीको कार्यालयमा निवेदन दिने | २०७७/१०/१६ | २०७७/१०/१८ | बिहान १०.०० बजे देखि बेलुकी ५.०० बजेसम्म | मतदाता नामावली ऐन, २०७३ को दफा १४ | सहायक नाम दर्ता अधिकारीको कार्यालय | सम्बन्धीत मतदाता वा निजको परिवारको सदस्य |
| ३ | क्र.सं. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा कसैले झुट्टा विवरण दिई नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा उजुरी दिने | २०७७/१०/१६ | २०७७/१०/१७ | बिहान १०.०० बजे देखि बेलुकी ५.०० बजेसम्म | मतदाता नामावली ऐन, २०७३ को दफा १५ | सहायक नाम दर्ता अधिकारीको कार्यालय | कुनै पनि मतदाता |
| ४ | क्र.सं. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा कुनै मतदाताको नाम एकभन्दा बढी स्थानमा समावेश भएकोमा एक स्थानमा मात्र कायम गर्न निवेदन दिने (एकै स्थानीय तहभित्र भए सहायक नाम दर्ता अधिकारीको कार्यालयमा, एकैजिल्लाभित्रको फरक फरक स्थानीय तहभित्र भए प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा र फरक फरक जिल्लामा भए प्रमुख नाम दर्ता अधिकारी मार्फत आयोगमा निवेदन दिने। | २०७७/१०/१६ | २०७७/१०/१८ | बिहान १० ०० बजे देखि बेलुकी ५.०० बजेसम्म | मतदाता नामावली ऐन, २०७३ को दफा १६ | प्रमुख नाम दर्ता अधिकारी/सहायक नाम दर्ता अधिकारीको कार्यालय | सम्बन्धित मतदाता |
| ५ | क्र.सं. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम मतदाता नामावलीबाट हटाउनको लागि सूचना दिने | २०७७/१०/१६ | २०७७/१०/१८ | बिहान १०.०० बजे देखि बेलुकी ५.०० बजेसम्म | मतदाता नामावली ऐन, २०७३ को दफा १८ | सहायक नाम दर्ता अधिकारीको कार्यालय | सम्बन्धित मतदाताको एकाघरको सदस्य वा अन्य कुनै मतदाता |
| ६ | बसाइँ सरी अन्यत्र गएका वा मृत्यु भएका वा नागरिकता त्याग गरेका वा नागरिकता रद्द भएका मतदाताको विवरण स्थानीय पञ्जिकाधिकारीबाट प्राप्त गर्ने | २०७७/१०/१६ | २०७७/१०/१७ | | मतदाता नामावली ऐन, २०७३ को दफा १८ | स्थानीय पञ्जिकाधिकारीको कार्यालय | सहायक नाम दर्ता अधिकारी |
| ७ | क्र.सं ३ बमोजिम उजुरी परेको मतदातालाई प्रमाणसहित सफाइको मौका दिने | २०७७/१०/१८ | २०७७/१०/१९ | | | सहायक नाम दर्ता अधिकारीको कार्यालय | सहायक नाम दर्ता अधिकारी/सम्बन्धित मतदाता |
| ८ | क्र.सं. २ बमोजिम त्रुटि सच्याउनको लागि प्राप्त निवेदन उपर जाँचबुझ गरी त्रुटि सच्याउनको लागि प्रमुख नाम दर्ता अधिकारी समक्ष पेश गर्नको लागि विवरण तयार गर्ने । | २०७७/१०/१८ | २०७७/१०/२० | | मतदाता नामावली ऐन, २०७३ को दफा १४(२) | सहायक नाम दर्ता अधिकारीको कार्यालय | सहायक नाम दर्ता अधिकारी/प्रमुख नाम दर्ता अधिकारी |
| [illegible] | क्र.सं. ४ बमोजिम निवेदन प्राप्त भएपश्चात् सम्बन्धित स्थानीय तह भित्रै दोहोरो परेको भए सहायक नाम दर्ता अधिकारी स्वयंले जाँचबुझ गरी नाम हटाउने सम्बन्धमा निर्णय गर्ने सो बाहेकका दोहोरो परेको हकमा प्रमुख नाम दर्ता अधिकारी समक्ष पेश गर्नुपर्ने । | २०७७/१०/१८ | २०७७/१०/२० | | मतदाता नामावली ऐन, २०७३ को दफा १७ | प्रमुख नाम दर्ता अधिकारी/सहायक नाम दर्ता अधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारी/सहायक नाम दर्ता अधिकारी |
| १० | क्र.सं. ५ बमोजिम प्राप्त सूचना र क्र.सं. ६ बमोजिम स्थानीय पञ्जिकाधिकारीबाट प्राप्त विवरणको आधारमा बसाइ सरी अन्यत्र गएका वा मृत्यु भएका मतदाताको हकमा जाँचबुझ गरी सहायक नाम दर्ता अधिकारीले नै हटाउने निर्णय गर्ने । नागरिकता त्याग गरेका वा नागरिकता रद्द भएका मतदाताको नाम मतदाता नामावलीबाट हटाउने सम्बन्धमा सहायक नाम दर्ता अधिकारीले आवश्यक छानबीन गरी नाम हटाउनको लागि प्रमुख नाम दर्ता अधिकारी समक्ष पेश गर्ने । | २०७७/१०/१८ | २०७७/१०/२० | | मतदाता नामावली ऐन, २०७३ को दफा १८ | प्रमुख नाम दर्ता अधिकारी/सहायक नाम दर्ता अधिकारी कार्यालय | प्रमुख नाम दर्ता अधिकारी/सहायक नाम दर्ता अधिकारी |

Scanned with CamScanner